# गेरुवा गाउँपालिका
# २०७५

## पच्चीसौं कार्यपालिका बोर्ड बैठक
**३० जेष्ठ, २०७५**

| | | |
|---|---|---|
| गाउँपालिका | : | गेरुवा गाउँपालिका |
| स्थान | : | पशुपतिनगर,बर्दिया |
| प्रदेश | : | ५ नं. प्रदेश, नेपाल |

**आज मिति २०७५ साल जेष्ठ ३० गतेका दिन गेरुवा गाउँपालिकाका अध्यक्ष श्री जमानसिंह के.सी. ज्यू को अध्यक्षतामा कार्य पालिकाको पच्चीसौं बोर्ड बैठक बस्यो, उपस्थिति तथा निर्णय देहाय वमोजिम छ ।**

**उपस्थिति**

| | | | |
|---|---|---|---|
| श्री जमान सिंह के.सी. | - | अध्यक्ष | सभाध्यक्ष |
| श्री हिमा कुमारी थरुनी | - | उपाध्यक्ष | सदस्य |
| श्री दयाराम बैद्य थारु | - | वडाअध्यक्ष, वडानं. १ | ,, |
| श्री आलोक कुमार थारु | - | वडाअध्यक्ष, वडानं. २ | ,, |
| श्री पुनाराम थारु | - | वडाअध्यक्ष, वडानं. ३ | ,, |
| श्री बल बहादुर चलाउने | - | वडाअध्यक्ष, वडानं. ४ | ,, |
| श्री धर्म प्रकाश थारु | - | वडाअध्यक्ष, वडानं. ५ | ,, |
| श्री टेक बहादुर चौधरी | - | वडाअध्यक्ष, वडानं. ६ | ,, |
| श्री शान्ती चौधरी | - | सदस्य | ,, |
| श्री राजु बडुवाल खत्री | - | सदस्य | ,, |
| श्री चन्द्ररुपा कामी | - | सदस्य | ,, |
| श्री मोवीला शर्मा पौडेल | - | सदस्य | ,, |
| श्री लक्षिण बहादुर नेपाली | - | सदस्य | ,, |
| श्री बम बहादुर वि क. | - | सदस्य | ,, |
| श्री ठाकुर प्रसाद चौधरी | - | नि. प्रमुख प्रशासकीय अधिकृत | सदस्य-सचिव |

**प्रस्तावहरु**

१ **तेस्रो गाउँ सभा सम्बन्धमा ।**

२ **वस्ती स्तर बाट योजना तथा कार्यक्रमहरु संकलन गर्ने सम्बन्धमा ।**

३ **सार्वजानिक सुनुवाई सम्बन्धमा ।**

४ **लगत इष्टीमेट र बजेटको तालमेल सम्बन्धमा ।**

५ **मोटरसाइकल खरिद सम्बन्धमा ।**

६ **बिबिध**

(क) **आगामी बोर्ड बैठक बस्ने सम्बन्धमा**

(ख) **तेस्रो गाउँसभाको सूचना सम्बन्धमा ।**

## निर्णयहरु :-

१ **तेस्रो गाउँ सभा सम्बन्धमा ।**

प्रस्ताव नं. १ माथि छलफल गर्दा आ.व. २०७५/०७६ मा यस गेरुवा गाउँपालिकामा संचालन गरिने योजना तथा कार्यक्रमहरु २०७५ असाढ १० गते भित्र गाउँ सभामा पेश गरि सक्नु पर्ने ऐनमा व्यवस्था भएकोले मिति २०७५ साल असाढ १० गतेका दिन तेस्रो गाउँ सभा बस्ने सर्वसम्मतीका साथ निर्णय गरियो ।

२ **वस्ती स्तर बाट योजना तथा कार्यक्रमहरु संकलन गर्ने सम्बन्धमा ।**

प्रस्ताव नं. २ माथि छलफल गर्दा आ.व. २०७५/०७६ मा संचालन गरिने योजना तथा कार्यक्रमहरु यस भन्दा अगाडी संकलन भई धेरै जसो योजना तथा कार्यक्रमहरु प्राथमिकताको आधारमा सम्पन्न भएतापनि कतिपय योजना तथा कार्यक्रम हरु संचालन गर्न बाँकी रहेका र गाउँपालिकाको १ देखि ६ सम्मका वडा बाट आवश्यक थप योजना तथा कार्यक्रमहरु बस्ती स्तरबाट संकलन तथा छनौट गरी मिति २०७५ आषाढ ७ गतेको वोर्ड वैठक मा पेश गर्ने सर्वसम्मतीका साथ निर्णय गरियो ।

३ **सार्वजानिक सुनुवाई सम्बन्धमा ।**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकामा हाल सम्म संचालन तथा सम्पादन भएका क्रियाकलाप र योजना तथा कार्यक्रम लगायत सेवाग्राहीहरुलाई प्रदान गरिएका सेवा सूविधा तथा समस्याको बारेमा मिति २०७५ साल आषाढ २ गते शनिबारको दिन सार्वजानिक सुनुवाइ गर्ने सर्वसम्मतीका साथ निर्णय गरियो ।

४ **लगत इष्टीमेट र बजेटको तालमेल मिलाउने सम्बन्धमा ।**

प्रस्ताव नं. ४ माथि छलफल गर्दा गेरुवा गाउँपालिका आ.व. २०७४/०७५ मा संचालन गरिएका कतिपय योजनाहरुको ल.ई. र वजेट संग तालमेल नमिल्दा अधुरो रहने स्थिति देखिएकोले आवश्यक व्यवस्था मिलाई सम्पन्न गर्ने निर्णय गरियो ।

५ **मोटरसाइकल खरिद सम्बन्धमा ।**

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गेरुवा गाउँपालिकाको लागि ४ थान पल्सर बाइक १५० सि.सि. आवश्यक परेको हुँदा उक्त बाइक खरिद प्रकिया अगाडी बढाउन गेरुवा गाउँ कार्यपालिकालाई निर्देशन दिने निर्णय गरियो ।

६ **बिबिध**

**(क) बोर्ड बैठक बस्ने सम्बन्धमा ।**

(क) २६ औं बोर्ड बैठकको रुपमा २०७५/३/७ गते दिउसो २.०० बजे नियमित बोर्ड बैठक बस्ने निर्णय गरियो ।

**(ख) तेस्रो गाउँसभाको सूचना सम्बन्धमा ।**

२०७५ साल आषाढ १० गते गाउँसभा बस्ने बारेको जानकारी सम्बन्धित सवैमा यथा समयमा गरिसक्नु पर्ने निर्णय गरियो ।